# भूमिमा महिला स्वामित्व

(भूमिअधिकारबारे पढ्ने सामग्री - ११)




- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## यस्तो छ वर्तमान अवस्था

नेपालको समाज, परिवार सबै संचालन पुरुषकै निर्देशनमा हुन्छ । त्यसैले अन्य पक्षमा झैं सम्पत्तिमा पनि पुरुषकै अधिकार तथा स्वामित्व बढी छ । एकदम थोरै महिलाले मात्र सम्पत्तिमा आफ्नो स्वामित्व कायम गर्न सकेका छन् ।

राष्ट्रिय जनगणना २०५८ अनुसार १७.१३ प्रतिशत महिलाको मात्र सम्पत्तिमा स्वामित्व छ । अझ त्यसमा पनि भूमिमा स्वामित्व हुने महिलाको संख्या निकै कम छ । यो गणनाअनुसार १०.८४ प्रतिशत महिलाको मात्र भूमिमाथि स्वामित्व छ । त्यसैगरी नेपालका ४१ लाख ७४ हजार परिवारमध्ये घरमा स्वामित्व हुने महिलाको प्रतिशत १ पनि पुग्दैन । ०.७८ प्रतिशत






महिलाको मात्र आफ्नो नाममा घर छ । यसैगरी ५.४२ प्रतिशत महिलाको मात्र आफ्नो घरमा पालिएका पशुमाथि आफ्नो अधिकार तथा स्वामित्व छ ।

एक तथ्यांकअनुसार आर्थिकरुपले सक्रिय जनसंख्यामध्ये महिलाको प्रतिशत ४६ हुन आउँछ । त्यसैगरी हरेक घरको आम्दानीमध्ये आधा अर्थात् ५० प्रतिशत महिलाले गर्छन् । बाँकीमध्ये पुरुषको ४४ प्रतिशत छ भने बालबच्चाको प्रतिशत ६ रहेको छ । नेपाल कृषिप्रधान देश हो । राष्ट्रको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ४० प्रतिशतको हाराहारीमा छ ।

त्यसैले कृषि मुलुक धान्ने प्रमुख स्रोत पनि हो । यस्तो महत्वपूर्ण पेशामा मुलुकका ९० प्रतिशत महिलाको सहभागिता छ । काम गर्ने सवालमा पनि महिला बढी नै सक्रिय पाइएको तथ्यांकहरुले देखाएका छन् । एक तथ्यांकअनुसार पुरुषले दैनिक ७ घन्टा काम गर्छ भने महिलाले ११ घन्टा गर्छिन् ।

यसरी हेर्दा मुलुकको प्रमुख आयस्रोत वा पेशा मानिएको

### एउटा राम्रो सुरुवात्

*जमुनी थारू कैलालीको श्रीपुर गाविसस्थित हरिनगर मुक्त कमैया शिविरकी बासिन्दा हुन । ४२ परिवार मुक्त कमैया बस्ने यो शिविरमा जमुनीको पनि आफ्नै नाममा जमिन छ । अर्थात् सरकारले उपलब्ध गराएको ५ कठ्ठा जमिनको जग्गाधनी पूर्जा उनकै नाममा छ ।*

*श्रीमान्, ससुरा वा छोरा कोही नभएर जमुनीका नाममा पूर्जा दिइएको भने होइन । आफ्नो श्रीमान् जाँड बढी खाने र कुन दिन जमिन बेचिदिने हो भन्ने पत्तो नभएकाले जमिनको पूर्जा आफ्नो नाममा दिन उनले भूमिसुधार कार्यालयमा अनुरोध गरेकी थिइन । जसअनुसार कार्यालयले उनकै नाममा पूर्जा तयार गरिदियो ।*

*अब चाहेर पनि उनका श्रीमान्ले उक्त जग्गा श्रीमतीको स्वीकृतिबेगर बेचबिखन गर्न सक्दैनन् । त्यसैले उनी भन्छिन्- म अब ढुक्क छु किनकि मेरा छोराछोरीले राम्रोसँग खान पाउने भए र उनीहरू पनि केही नै किन नहोस्, सम्पत्तिको मालिक भए ।*

कृषिमा महिलाको योगदान प्रमुख छ तर विडम्बना, तिनै महिलाको आफूले दैनिक पसिना बगाउने भूमिमाथि भने स्वामित्व छैन । अर्कोतर्फ एकाध महिलाको भूमिमाथि स्वामित्व भेटिन्छ तर त्यो पनि उनले श्रीमान् वा घर परिवारको स्वीकृतिविना बेचविखन गर्ने, व्यवसाय गर्नका लागि ऋण लिन धरौटी राख्ने जस्ता काममा प्रयोग गर्न सक्दिनन् । यसो गर्नबाट उनलाई कि पितृसत्तात्मक समाजको बन्धनले रोक्छ, कि त घुमाउरो भाषा प्रयोग गरिएका कानूनले रोक्छ ।

## भूमिमाथि स्वामित्व नहुँदाको असर

नेपालको सन्दर्भका कुरा गर्दा यहाँको सबैभन्दा ठूलो र प्रमुख सम्पत्ति नै भूमि हो । त्यसैले सम्पत्तिमा अधिकार भन्दासाथ स्वतः उसको भूमिमाथि कति अधिकार छ भन्ने थाहा पाउनु जरुरी हुन्छ । त्यसैले जसको भूमिमाथि जति बढी स्वामित्व छ, ऊ उति नै सवल मानिन्छ र जसको छैन ऊ उति नै कमजोर ठानिन्छ । यसरी हेर्दा भूमिमाथि स्वामित्व नहुनुको अर्थ ऊ रित्तो छ भन्ने हो । जो रित्तो छ र ऊसँग केही छैन, यसको असरले उसलाई चौतर्फीरुपमा आक्रमण गरिरहेको हुन्छ ।

राष्ट्रिय महिला आयोगले गरेको एक सर्वेक्षणअनुसार सम्पत्तिमा स्वामित्व





**जमिन र घरमाथि महिलाको स्वामित्व (प्रतिशतमा)**

| *विकास क्षेत्र* | *जमिन* | *घर* |
|---|---|---|
| *पूर्वाञ्चल* | *७.३४* | *०.५८* |
| *मध्यमाञ्चल* | *५.२६* | *१.१२* |
| *पश्चिमाञ्चल* | *५.२०* | *०.६८* |
| *मध्यपश्चिमाञ्चल* | *३.६८* | *०.५३* |
| *सुदूरपश्चिमाञ्चल* | *१.६५* | *०.४५* |

नहुने महिलाको शिक्षा, स्वास्थ्य, मातृ मृत्युदर, बालपोषणलगायत्का पक्षमा पनि असर परिरहेको हुन्छ । उनले आफ्नो आवश्यकताअनुसार आफूले चाहेअनुसारको क्षेत्रमा खर्च गर्ने अवस्था नहुनाले सम्पत्तिको असरले अन्य पक्षमाथि पनि प्रहार गरिरहेको हुन्छ । यो सर्वेक्षणअनुसार पूर्वाञ्चल विकास क्षेत्रका महिलाको सम्पत्तिमा बढी पहुँच छ, त्यसैले उनीहरुको स्वास्थ्य, शिक्षा आदिको अवस्था पनि राम्रो छ तर सुदूर पश्चिमका महिलामा ठीक यसको विपरित अवस्था छ किनकि यहाँका महिलाको सम्पत्तिमाथि अधिकार एकदमै कम छ ।

तथ्यांक विभागको एक सर्वेक्षणअनुसार पूर्वाञ्चलका ७.३४ प्रतिशत महिला भूमिको मालिक छन् । यो तुलनात्मकरुपमा निकै राम्रो प्रतिशत हो । त्यसैले यहाँका महिलाको जीवनस्तर अन्यत्रको तुलनामा राम्रो छ । त्यसैगरी भूमि हुने महिलाको संख्या सुदूरपश्चिमाञ्चलमा मात्र १.६५ प्रतिशत छ, जसले उनीहरुका हरेक पक्षमा नकारात्मक असर पारिरहेको छ ।

त्यसैगरी यो सर्वेक्षणले तराइका महिलाको भूमिमाथि स्वामित्व बढी भएको पनि देखाएको छ । जसअनुसार तराइका ६.६ प्रतिशत महिला जमिनको मालिक छन् भने यो प्रतिशत हिमाली क्षेत्रमा ३.६७ प्रतिशत मात्र छ । भूमिमा स्वामित्व हुने महिलाको प्रजनन दर पनि निकै कम भएको यो सर्वेक्षणले देखाएको छ । यसरी हेर्दा सम्पत्तिमाथिको अधिकारले महिलाको



सर्वांगीण विकास र प्रगतिमा सोझो प्रभाव पारेको स्पष्ट अनुभव गर्न सकिन्छ ।

जमिनमाथि स्वामित्व कायम गर्ने सवालमा बाहुन, क्षेत्रीको तुलनामा जनजाति महिला अघि देखिएका छन् । ६८ जिल्लामा राष्ट्रिय महिला आयोगले गरेको सर्वेक्षणले जनजाति बढी रहेका मुस्ताङ, मनाङ जस्ता जिल्लामा बढी जमिन महिलाको नाममा पाएको उल्लेख गरेको छ ।

## केही सकारात्मक पहल

मुक्त कमैया बसोबास गर्ने शिविरहरुमा अहिले जग्गाधनी पूर्जामा महिलाको पनि नाम राख्न थालिएको छ । कैलालीका केही महिलाले श्रीमान् श्रीमतीको नाम भएको संयुक्त पूर्जा पाइसकेका छन् भने अन्यत्र पनि यस्तो प्रक्रिया शुरु हुँदैछ । बर्दियास्थित भूमिसुधार कार्यालयले अहिलेसम्म जे भए पनि अब मुक्त कमैयालाई वितरण गरिने जग्गामा श्रीमान्-श्रीमतीकै नाम राखेर दिइने निर्णय गरिसकेको छ ।

श्रीमान्को नाममा मात्र जमिन हुँदा उसले मन लागेका बेला बेचेर खाइदिने तथा यो कुरा श्रीमतीलाई थाहा नै नहुने भएकाले समस्या थपिँदै गएको थियो । थाहा पाए पनि केही गर्न नसक्ने अवस्था अर्कोतिर विद्यमान



थियो । यस्तो अवस्थाले पिरोलिएका महिलाले भूमिसुधार कार्यालयमा वास्तविकता जाहेर गरेर आफ्नो पनि नाम पूर्जामा राख्न आग्रह गरेबमोजिम उनीहरुको संयुक्त धनी पूर्जा बन्न सकेको हो ।

कैलाली र बर्दियाको सिको अन्यत्रका मुक्त कमैया महिलाले पनि गर्न थालेका छन् । अहिले उनीहरु दुवैको नाममा जमिन भयो भने त्यो सुरक्षित हुन सक्ने आफ्नो बुझाइ अरुलाई पनि बाँडचुँड गर्दै हिँड्न थालेका छन् । यस्तो अवस्था मुलुकका सबै जिल्लामा कानूनीरुपमै लागू गराउने हो भने महिला पनि सम्पत्तिमा पुरुषसरह हैसियत राख्न सक्षम हुन्छन् । जसले उनीहरुको समग्र स्तर उकासिन मद्दत पुऱ्याउँछ ।

## कानूनी व्यवस्थाहरू

नेपालको संविधानले लैंगिक आधारमा भेदभाव गर्न रोक लगाएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १७ ले सम्पत्तिसम्बन्धी अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यो संविधान बनेको एक दशकसम्म पनि छोराले अंश पाउने तर छोरीले नपाउने चलन कार्यान्वयन भइ नै रह्यो । यसैगरी विभिन्न कानूनका दफा/उपदफाले लैंगिक आधारमा महिलामाथि विभेद गरिरह्यो ।

संसदबाट मुलुकी (एघारौं संशोधन) ऐन पारित भएपछि मात्र महिलाले पनि सम्पत्तिमा छोरासरह अधिकार पाउने व्यवस्था भयो । यसपछि बल्ल महिलालाई सम्पत्ति राख्न र सम्पत्तिमाथि हक दाबी गर्न कानूनी बाटो

*नेपालको कुल जनसंख्या : २३१५१४२३*

*महिला : ११५८७५०२*

*भूमिमाथि स्वामित्व हुने महिला : १०.८४ प्रतिशत*

*५४ कानूनका ११८ व्यवस्था भेदभावपूर्ण छन्*

*नेपालको संविधानले महिला उत्थानका लागि विशेष व्यवस्था अपनाउन सक्ने अधिकार दिएको छ ।*

*- केन्द्रीय तथ्यांक विभाग*

खुलेको हो । यो व्यवस्थाले पनि महिलालाई सम्पत्तिमा बराबर हक प्राप्त नहुने धारणा राखिँदै आएको छ तर पनि नेपालको सन्दर्भमा यसलाई राम्रो र सकारात्मक कदमका रुपमा सर्वत्र लिइएको छ ।

महिला महासन्धिले पनि महिलाले सम्पत्ति प्राप्त गर्ने तथा भोगचलन गर्ने विषयलाई प्राथमिकता दिएको छ । यो महासन्धिको धारा १३ ले पारिवारिक लाभ उपभोगमा समान अधिकार निश्चित गर्दै ऋण प्राप्तिदेखि धितो बन्धकी राख्न पाउनेसम्मको अधिकार प्रदान गरेको छ । त्यसैगरी वैवाहिक जीवनमा श्रीमान् श्रीमती दुवैलाई सम्पत्तिको स्वामित्वमा बराबर हक लाग्ने पनि उल्लेख गरेको छ । महिला र पुरुषबीच समानरुपले सम्पत्ति



सञ्चालन गर्न पाउने अधिकार पनि यसले प्रदान गरेको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि भनिने यो अन्तर्राष्ट्रिय कानूनलाई नेपालले पनि अनुमोदन गरेको छ । यस्तो महासन्धि अनुमोदन गरेपछि त्यसमा भएका व्यवस्था नेपालकै कानून सरह हुनेछन् । त्यसैले यस्तो महासन्धि कार्यान्वयन गर्ने वा त्यसअनुरुप आफ्ना कानून बनाउने कर्तव्य हाम्रो सरकारको हुनेछ ।

हाम्रा कानूनले छोरी, श्रीमती, विधवा, सम्बन्ध विच्छेद भएकी महिला सबैले विभिन्न प्रकारबाट सम्पत्ति प्राप्त गर्न सक्ने, त्यसलाई उपयोग गर्न सक्ने जस्ता व्यवस्था गरेको छ । केही अवस्थामा कुनै शर्त राखिए पनि





समग्रमा यस्तो व्यवस्था सबैतिरबाट सकारात्मक मानिएको छ ।

मुलुकमा चालू दशौं योजनाले पनि महिलाको सम्पत्तिमा पहुँच न्यून भएको सन्दर्भमा सरकारी स्तरबाट वितरण गरिने स्रोत साधनको बाँडफाँडमा महिलालाई समान र आवश्यकताअनुसार विशेष अधिकार दिइने नीति लिइने जनाएको छ ।

## गर्न सकिने काम

१) लैंगिक भेदभाव कायम राख्ने कानूनहरु व्यवहारिकरुपमै खारेज गर्ने

२) जग्गाधनी पूर्जामा श्रीमान्-श्रीमतीकै नाम उल्लेख गर्ने कानूनी व्यवस्था लागू गर्ने

३) मुलुकी (एघारौं संशोधन) ऐनमा व्यवस्था भएर पनि अपुग प्रावधान थप गर्ने

४) कानूनले गरेका व्यवस्थालाई व्यापक प्रचार प्रसार गर्ने

५) भूमिमा महिला स्वामित्व वृद्धि गर्न विशेष कार्यक्रम ल्याइनुपर्छ

*भूमिमा महिला स्वामित्व कायमका लागि संघर्ष गरौं ।*

नेपालमा व्यवस्थितरूपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितेको छ। तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन्। हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन्, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौं जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ।

यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमिअधिकारको सवालमा कार्यरत् छ। यही क्रममा भूमिसम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महसुस हुन पुग्यो। त्यसैले भूमिसम्बन्धमा चासो राख्नेहरूका लागि उपयोगी हुन सकोस् भनेर यो सामग्री तयार पारिएको छ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन :** ९७७-१-४३६०४८६
E-mail: landrights@csrcnepal.org
Website: www.csrcnepal.org